# जिल्ला समन्वय समितिको कार्यालय

# इलाम

# स्थलगत अनुगमन प्रतिवेदन



कृषि ज्ञान केन्द्र इलामबाट आ.व. २०८०/०८१ मा संचालित कार्यक्रमहरुको अनुगमन

अनुगमन गरिएको मिति २०८१ श्रावण ९ देखि १२ गते सम्म

# जिल्ला समन्वय समितिको कार्यालय

## इलाम

## कृषि ज्ञान केन्द्र इलामबाट आ.व. २०८०/०८१ मा संचालित कार्यक्रमहरुको अनुगमन प्रतिवेदन

### १ पृष्ठभुमि

नेपालको संविधान २०७२ को धारा २२० उपधारा ७ मा जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय तथा स्थानीय तह वीच समन्वय गर्ने र विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने विषय जिल्ला सभाको काम कर्तव्य र अधिकार भित्र समावेश गरिएको र सोहि धाराको उपधारा (३) अनुसार जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पुर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था उल्लेख भएको पाइन्छ।

प्रदेस सभाबाट निर्माण गरिएको जिल्ला सभा ऐन २०७५ को दफा ३ उपदफा (१ख२) मा जिल्ला भित्रका नेपाल सरकार तथा प्रदेस सरकारका विषयगत कार्यालयहरुबाट भइरहेका चालु योजना र कार्यक्रमहरु सम्वन्धित स्थानीय तहसँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा योगदान भए नभएको, तथा सेवाको गुणस्तर परिणाम र समय कायम भए नभएको विषयमा अनुगमन गरि नेपाल सरकार तथा प्रदेस सरकारमा सुझाव तथा प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ।

### २ बिषय प्रवेश

कोशी प्रदेस सरकार, उद्योग, कृषि तथा सरकारी मन्त्रालय, कृषि बिकास निर्देशनालय, कृषि ज्ञान केन्द्र इलामबाट आ.व. २०८०/०८१ मा सुर्योदय नगरपालिलका, इलाम नगरपालिका र देउमाइ नगरपालिकामा व्यवसायिक कृषि फर्म तथा किसानहरुलाई वितरित अनुदानबाट संचालित विभिन्न कार्यक्रमहरुको जिल्ला समन्वय समिति इलामका प्रमुख श्री जय प्रकाश राइज्यूको नेतृत्वमा सहायक प्रमुख जिल्ला अधिकारी र कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख सहितको टोलीबाट मिति २०८१/४/९ देखि १२ गते सम्म गरिएको अनुगमनका क्रममा देखिएका बिषयहरु समेटी यो प्रतिवेदन तयार गरिएको छ।

### ३ अनुगमनमा संलग्न पदाधिकारीहरु

- जि स स प्रमुख श्री जय प्रकाश राई
- सहायक प्रमुख जिल्ला अधिकारी श्री महेश राज तिम्सिना
- कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख श्री राम जुगन यादव
- जि स स का शाखा अधिकृत श्री कृष्ण बहादुर कार्की
- नेपाल टेलिभिजनका स्थानीय सम्वाददाता श्री विजय शेखर भट्टराई

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समिति

**४ अनुगमनका क्रममा अवलम्वन गरिएको विधि**

क. स्थलगत अवलोकन

ख. लाभग्राही हरुसँग छलफल

ग.स्थानीय बासिन्दाहरुसँग छलफल

**५ अनुगमन गरिएका कार्यक्रमहरुको विवरण**

क. व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रम ४ स्थानमा

ख. युवा लक्षित कार्यक्रम ३ स्थानमा

ग. मुख्य राजमार्ग लक्षित तरकारी खेती कायक्रम ३ स्थानमा

घ कफि खेती विस्तार कार्यक्रम १ स्थानमा

ङ. विपन्न महिला दलित लक्षित कार्यक्रम २ स्थानमा

च. पुष्प खेती प्रवर्द्धन कार्यक्रम १ स्थानमा

छ. संघीय कार्यक्रम आलु ब्लक विकास कार्यक्रम १ स्थानमा

**६ स्थलगत अनुगमनका क्रममा देखिएका बिषयहरु**

**१. ड्रागन खेती इलाम नगरपालिका -९**



| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रम |
| २ | फर्मको नाम | आशिमा बहुउदेश्यिय कृषि तथा पशुपंक्षी फर्म |
| ३ | ठेगाना | इलाम न.पा.९ |
| ४ | प्रोपराइटरको नाम | कमला निरौला |
| ५ | अनुदान प्राप्त रकम | २,५०,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | अनुदान रकमबाट ११३ पिलर गाडिएको र आफ्नै लगानी २५० पिलर गाडी १००० बिरुवा लगाइएको |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको इलाम

| | | |
|---|---|---|
| ७ | बजार व्यवस्था | हालसम्म स्थानीय बजारमै उत्पादित फल बिक्री भइरहेको/ बजारको समस्या नरहेको |
| ८ | कृषकको भनाइ | २०८० सालबाट व्यवसाय सुरुवात गरिएको<br>विरुवा सुनसरी चतराबाट ल्याइएको<br>हालसम्म कम्पोष्ट मल मात्र प्रयोग गरिएको<br>मौरी पालन गर्ने योजना रहेको |
| ९ | मुख्य समस्याहरु | सिचाइको समस्या रहेको |



अनुगमनका क्रममा जि.स.स.प्रमुख तथा स.प्र.जि.अ.तथा ज्ञान केन्द्रका प्रमुख सम्वन्धित किसानसँग जानकारी लिदै ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
इलाम
प्रमुख

## २. मौरी पालन

| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | युवा लक्षित कार्यक्रम |
| २ | फर्मको नाम | |
| ३ | ठेगाना | इलाम न.पा.-१० |
| ४ | कृषकको नाम | भाष्कर भारद्वाज |
| ५ | अनुदान प्राप्त रकम | १,००,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | ३० घार मौरी पालिएको |
| ७ | बजार व्यवस्था | आफ्नै पसलबाट बिक्री भइरहेको/ बजारको समस्या नरहेको |
| ८ | कृषकको भनाइ | सेरेना जातको मौरी पालिएको<br>२०६६ साल बाट मौरी पालन व्यवसाय सुरुवात गरिएको |
| ९ | मुख्य समस्याहरु | गाउँघरमा बिषादी प्रयोग हुने हुनाले मौरी मर्ने समस्या रहेको<br>हाइटेन्सन लाइनका कारण मौरीले बाटो बिर्सिने समस्या रहेको |



किसानले जिसस प्रमुखज्यू तथा सप्रजिअज्यूलाइ पालिएको मौरी देखाउदै

## ३. तरकारी खेती

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम २०७२



| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम |
| २ | फर्मको नाम | आभास कृषि तथा पशुपंक्षी फर्म |
| ३ | ठेगाना | सुर्योदय नगरपालिका-११ आइतवारे |
| ४ | प्रोपराइटरको नाम | रिता कुमारी प्रधान |
| ५ | अनुदान प्राप्त रकम | ३,००,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | ३ वटा टनेल निर्माण गरिएको<br>कोपी, सिमी, अकवरे खोर्सानी लगाइएको |
| ७ | बजार व्यवस्था | स्थानीय बजारमै बिक्री वितरण भइरहेको |
| ८ | कृषकको भनाइ | ३ रोपनी क्षेत्रफलमा तरकारी लगाइएको<br>अर्गानीक रुपमा उत्पादन गर्ने गरिएको<br>कृषि ज्ञान केन्द्रबाट अनुदान प्राप्त गर्न कुनै समस्या नभएको |
| ९ | मुख्य समस्याहरु | भविष्यमा बजारको समस्या हुन सक्ने<br>दिगोपनाको समस्या आउन सक्ने |



टनेलमा लगाइएका तरकारीका विरुवा अवलोकन गर्दै जिसस प्रमुखज्यू सप्रजिअज्यु

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम २०७३ इलाम, कोशी प्रदेश, नेपाल

प्रमुख

## ४ तरकारी खेती




| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | मुख्य राजमार्ग लक्षित तरकारी खेती कार्यक्रम |
| २ | फर्मको नाम | खरेल कृषि फर्म |
| ३ | ठेगाना | सुर्योदय, न.पा.-८ |
| ४ | प्रोपराइटरको नाम | कृष्ण कुमारी खरेल |
| ५ | अनुदान प्राप्त रकम | ३,००,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | • ६x१२ मिटरको २ वटा फलामको टनेल निर्माण<br>• एउटा बाँसको टनेल निर्माण<br>• थोपा सिचाई ३ सेट<br>• चार्जर स्प्रे मेसिन २ थान<br>• इरिगेसन पाइप ५०० मि.<br>• टनेलमा हाल अकवरे खोर्सानी रायोको साग धनिया लगाइएको |
| ७ | बजार व्यवस्था | आफैले पसल राखेर उत्पादित सामाग्री बिक्री गर्ने गरिएको |
| ८ | कृषकको भनाइ | कृषि ज्ञान केन्द्रबाट अनुदान प्राप्त गर्न कुनै समस्या नभएको |
| ९ | मुख्य समस्याहरु | प्राविधिक ज्ञानको कमी |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम



खरेल कृषि फर्ममा अनुगमनको दृष्य

## ५ फलफुल बगैचा



| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | फलफुल बगैचा स्थापना सहयोग कार्यक्रम |
| २ | फर्मको नाम | सुर्योदय सगरमाथा कृषि फर्म |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम २०७३ इलाम, कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ३ | ठेगाना | सुर्योदय नगरपालिका -१० |
| ४ | प्रोपराइटरको नाम | भिम प्रसाद दाहाल |
| ५ | अनुदान प्राप्त रकम | २,५०,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | १४४०० लिटरको पानी ट्याँङकी निर्माण, १०० कागतीको विरुवा लगाइएको, एभो गाडो १०० विरुवा रोपिएको, वानिया नटको विरुवा १०० लगाइएको<br>मल तथा क्यारेट खरिद गरिएको |
| ७ | बजार व्यवस्था | नभएको |
| ८ | कृषकको भनाइ | कृषि ज्ञान केन्द्रबाट अनुदान प्राप्त गर्न कुनै समस्या नभएको |
| ९ | मुख्य समस्याहरु | आवत जावतका लागि बाटोको समस्या रहेको |



फलफुल बगैचाको अवलोकनका क्रममा जिसस प्रमुख सप्रजिअ ज्ञान केन्द्रका कार्यालय प्रमुख

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम

## ६ च्याउ खेती कार्यक्रम




| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | युवा लक्षित कार्यक्रम |
| २ | फर्मको नाम | |
| ३ | ठेगाना | सुर्योदय नगरपालिका |
| ४ | कृषकको नाम | चन्द्रकला मादेन |
| ५ | अनुदान प्राप्त रकम | १,००,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | २ वटा टनेल निर्माण<br>सिताके च्याउ ६० वटा मुढामा लगाइएको,<br>२ वटा ड्रम खरिद, पराल खरिद, च्याउ लगाउने ऐल्डी पोलिथिन खरिद |
| ७ | बजार व्यवस्था | स्थानीय बजारमै बिक्रि भइरहेको |
| ८ | कृषकको भनाइ | दैनिक सरदर १०० किलो सम्म उत्पादन भएको<br>प्रति केजी १५० रुपैया सम्ममा बिक्री भएको |
| ९ | मुख्य समस्याहरु | धैरै उत्पादन हुँदा बजारको समस्या रहेको<br>उचित मुल्य नपाइने समस्या रहेको<br>प्राविधिक ज्ञानको कमी |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
इलाम
२०७३



अनुगमनका क्रममा लिइएको तस्विर

**७ फलफुल बगैचा**



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
इलाम
२०७२
इलाम, कोशी प्रदेश, नेपाल

| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | फलफुल बगैचा स्थापना सहयोग कार्यक्रम |
| २ | फर्मको नाम | गुफा थुम्की कृषि फर्म |
| ३ | ठेगाना | देउमाई नगरपालिका-६ |
| ४ | प्रोपराइटरको नाम | कुमार राउत |
| ५ | अनुदान प्राप्त रकम | २,५०,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | सुन्तला २०० बिरुवा लगाइएको<br>पावर ट्रिलर १ थान खरिद<br>सिंचाइका लागि पानी पोखरी निर्माण<br>६०० मिटर पाइप खरिद<br>मल खाद खरिद |
| ७ | बजार व्यवस्था | स्थानीय बजारहरुमैं बिक्री गरिरहेको |
| ८ | कृषकको भनाइ | हाल सम्म यसरी अनुगमन भएको थिएन । यसरी नियमित अनुगमन भएमा हाम्रो हौसला बढ्ने थियो । |
| ९ | मुख्य समस्याहरु | बजारीकरणको समस्या रहेको<br>भण्डारणको समस्या रहेको<br>प्राविधिक ज्ञान सिपको अभाव रहेको |



आफुले लगाएको अकवरे खोर्सानी किवी खेती माछा पालन अनुगमन समितिका सदस्यहरुलाइ अवलोकन गराउदै किसान

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समिति इलाम

८ कफी खेती



| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | कफि खेती विस्तार कार्यक्रम |
| २ | फर्मको नाम | कल्पना चिया कफि तथा पशुपालन फर्म |
| ३ | ठेगाना | देउमाई नगरपालिका-६ |
| ४ | प्रोपराइटरको नाम | रत्न माया खतिवडा |
| ५ | अनुदान प्राप्त रकम | २,५०,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | सिचाइ पाइप १४०० मिटर खरिद<br>मिनि टेलर १ थान खरिद<br>चार्जर स्प्रे मेसिन १ थान खरिद<br>५ वटा ग्रिन नेट खरिद<br>सिकेचर १ थान खरिद<br>२ वटा टनेल निर्माण<br>औषधी मल खरिद |
| ७ | बजार व्यवस्था | व्यापारीहरुबाट स्थानीय स्तरमै खरिद गर्ने गरेको |
| ८ | कृषकको भनाइ | २०७८ साल बाट कफि खेतीको सुरुवात गरिएको<br>अनुदान प्राप्त गर्न कुनै समस्या नभएको |
| ९ | मुख्य समस्याहरु | रोग निराकरणका लागि प्राविधिक सहयोग आवश्यक रहेको<br>वजार व्यवस्थापनको समस्या रहेको<br>कच्चा माल प्रशोधनका लागि पल्पिङ मेसिनको आवश्यकता रहेको |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम



जिसस प्रमुखज्यू सप्रजिअज्यू ज्ञान केन्द्रका प्रमुखज्यू लगायतको टोलीलाइ कफि खेतीको वारेमा जानकारी गराउदै सम्वन्धित किसान

## ९ विपन्न महिला दलित लक्षित कार्यक्रम



| शि.न. | विषय | विवरण |
| --- | --- | --- |
| १ | कार्यक्रमको नाम | विपन्न महिला दलित लक्षित कार्यक्रम |
| २ | फर्मको नाम | |
| ३ | ठेगाना | देउमाई नगरपालिका-६ |
| ४ | कृषकको नाम | सावित्रा कार्की |
| ५ | अनुदान प्राप्त रकम | १,००,००० |
| ६ | लाभग्राहीका अनुसार | मिनि ट्रेलर १ थान खरिद |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

साहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम २०७३

| | | |
|---|---|---|
| | अनुदानबाट गरिएका कृयाकलाप | १ हजार लिटरको १ थान ड्रम खरिद<br>१५० मिटर पाइप खरिद<br>चार्जर स्प्रे १ थान खरिद<br>१ थान टनेल निर्माण<br>मल्चिङ प्लाष्टिक खरिद |
| ७ | बजार व्यवस्था | |
| ८ | कृषकको भनाइ | बेमौसमी तरकारी खेती गर्ने योजना रहेको<br>हाल सम्म कुनै निकायबाट अनुदान नपाएको हुँदा कृषि ज्ञान केन्द्रबाट अनुदान पाउदा खुसी लागेको |
| ९ | मुख्य समस्याहरु | लगानीको समस्या रहेको<br>प्राविधिक ज्ञानको समस्या रहेको |

**१० विपन्न महिला दलित लक्षित कार्यक्रम**



| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | विपन्न महिला दलित लक्षित कार्यक्रम |
| २ | फर्मको नाम | |
| ३ | ठेगाना | देउमाइ नगरपालिका -६ |
| ४ | कृषकको नाम | सन्च माया राइ |
| ५ | अनुदान प्राप्त रकम | १,००,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | १०x१२ मिटरको प्लाष्टिक पोखरी निर्माण<br>चार्जर स्प्रे १ थान खरिद<br>प्लाष्टिक टनेल २ थान निर्माण |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम

| | | |
|---|---|---|
| | | इन्सेक्ट नेट १ रोल खरिद |
| ७ | बजार व्यवस्था | |
| ८ | कृषकको भनाइ | आफु प्राप्त अनुदानको सहि सदुपयोग गर्न प्रतिवद्ध रहेको फेरी पनि अनुदान प्राप्त होस भन्ने अपेक्षा गर्दछु । |
| ९ | मुख्य समस्याहरु | प्राविधिक ज्ञान सिपको अभाव रहेको |

## ११ किवी खेती




| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रम |
| २ | फर्मको नाम | जय बुद्ध कृषि फर्म |
| ३ | ठेगाना | देउमाई नगरपालिका-३ |
| ४ | प्रोपराइटरको नाम | माया तामाङ |
| ५ | अनुदान प्राप्त रकम | २,५०,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | माच व्यवस्थापन अन्तर्गत फलामको ट्रस पिलर ढलाई रंगरोगन र तार व्यवस्थापन<br>किवीको नयाँ विरुवा ४० थान लगाइएको |
| ७ | बजार व्यवस्था | जिल्ला सदरमुकाममै विक्री भइरहेको |
| ८ | कृषकको भनाइ | |
| ९ | मुख्य समस्याहरु | प्राविधिक ज्ञान उपलब्ध गराउनु पर्ने |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम



किवी खेतीको अनुगमनको दृष्य

१२ पुष्प खेती प्रवर्द्धन कार्यक्रम




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
इलाम
२०७२

| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | पुष्प खेती प्रवर्द्धन कार्यक्रम |
| २ | फर्मको नाम | साम्पाङ पुष्प तथा फलफुल नर्सरी |
| ३ | ठेगाना | देउमाई नगरपालिका-३ |
| ४ | प्रोपराइटरको नाम | अम्विका राई |
| ५ | अनुदान प्राप्त रकम | १,३३,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | ट्रस निर्माण १ थान<br>जिगज्याग खरिद<br>चार्जर स्प्रे १ थान खरिद<br>ड्रम तथा हजारी खरिद |
| ७ | बजार व्यवस्था | साप्ताहिक बजार तथा घरैमा बिक्री भैरहेको |
| ८ | कृषकको भनाइ | बार्षिक सरदर २ लाख आम्दानी भै रहेको<br>बजारको समस्या खासै नरहेको<br>हालसम्म कतै बाट अनुदान प्राप्त भएको थिएन । कृषि ज्ञान केन्द्र बाट अनुदान प्राप्त गर्दा खुसी लागेको छ । |
| ९ | मुख्य समस्याहरु | केहि नभएको |



फुलको नर्सरीको अनुगमनको दृष्य

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम

## १३ आलु खेती




| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | आलु ब्लक विकास कार्यक्रम संघीय कार्यक्रम |
| २ | फर्मको नाम | धप्पर महिला कृषक समुह |
| ३ | ठेगाना | देउमाई नगरपालिका-१ |
| ४ | कृषकको नाम | अध्यक्ष- दाप्टी शेर्पा<br>सचिव-पेम छिकी शेर्पा<br>कोषाध्यक्ष- छेजी शेर्पा |
| ५ | अनुदान प्राप्त रकम | १,५०,०००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | गोदाम घर मर्मत<br>मिनि ट्रेलर ३ थान खरिद<br>पाइप ७ हजार मिटर खरिद<br>चार्जर स्प्रे २७ वटा खरिद<br>काटा ३ थान खरिद<br>क्यारेट १०० थान खरिद<br>ढुसी नासक औषधी बिषादी प्राङ्गारिक मल खरिद |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
इलाम

| | | |
|---|---|---|
| ७ | बजार व्यवस्था | गाउँमै व्यापारीहरु मार्फत विक्री हुने गरेको |
| ८ | कृषकको भनाइ | टि.पि.एस.जातको आलुको विउ प्राप्त भएमा राम्रो हुने |
| ९ | मुख्य समस्याहरु | बन्य जन्तुबाट आलु तरकारीको सुरक्षा ठुलो चुनौती रहेको |



मर्मत गरिएको भण्डारण गोदामको अवलोकन गरिदै




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
इलाम



आलु खेती पश्चात लगाइएको मुला खेतीको दृष्य

## १४ तरकारी खेती



| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | मुख्य राजमार्ग लक्षित कार्यक्रम |
| २ | फर्मको नाम | मिश्रित कृषि फर्म |
| ३ | ठेगाना | इलाम नगरपालिका-४ |
| ४ | प्रोपराइटरको नाम | सागरनाथ दाहाल |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय

| | | |
|---|---|---|
| ५ | अनुदान प्राप्त रकम | ३,००,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | मिनि टिलर थान १ खरिद<br>२० एम एम को पाइप ९०० मिटर खरिद<br>३२ एम एम को पाइप ३०० मिटर खरिद<br>२२००० को मीटर १०० थान<br>१२*६ मिटरका टनेल ४ वटा निर्माण गरिएको<br>पावर स्प्रे १ थान खरिद<br>मल्चिङ प्लाष्टिक इनसेक नेट खरिद<br>क्यारेट २० थान खरिद ट्याङ्की खरिद |
| ७ | बजार व्यवस्था | |
| ८ | कृषकको भनाइ | २०८१/२/१७ गते सार्वजनिक सुनुवाइ गरिएको<br>तरकारी टमाटर धनिया उत्पादन गर्ने गरिएको<br>तरकारीको विरुवा तयार गरि विक्री वितरण गर्ने गरिएको |
| ९ | मुख्य समस्याहरु | बजारको समस्या रहेको<br>गुणस्तरिय बिउ बिजनको समस्या रहेको |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
इलाम
२०७३
इलाम, कोशी प्रदेश, नेपाल
प्रमुख

१५ च्याउ खेति



| शि.न. | विषय | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको नाम | युवा लक्षित कार्यक्रम |
| २ | फर्मको नाम | व्यक्ति अनुदान |
| ३ | ठेगाना | इलाम नगरपालिका |
| ४ | कृषकको नाम | गीता पौडेल घिमिरे |
| ५ | अनुदान प्राप्त रकम | १,००,००० |
| ६ | लाभग्राहीका अनुसार अनुदानबाट गरिएका कृयाकलाप | अनुदान रकम बाट ४ वटा टहरा निर्माण गरिएको<br>च्याउ उत्पादनका लागि पराल खरिद गरिएको |
| ७ | बजार व्यवस्था | स्थानीय बजारमा बिक्री हुने |
| ८ | कृषकको भनाइ | सिताके र कन्ये गरि २ प्रकारका च्याउ उत्पादन गर्ने गरिएको<br>तीन बर्ष देखि व्यवसायिक रुपमा च्याउ उत्पादन गर्न थालिएको |
| ९ | मुख्य समस्याहरु | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
जिल्ला समन्वय समितिको कार्यालय
इलाम
इलाम, कोशी

## अनुगमनका क्रममा देखिएका विषयहरु

१ मिति २०८१ श्रावण ९ गते देखि १२ गते इलाम जिल्लाका सुर्योदय नगरपालिका देउमाई नगरपालिका र इलाम नगरपालिका भित्रका अनुदान प्राप्त गर्ने १५ किसानहरुको घर दैलो र खेतवारीमा गइ अनुगमन गर्दा प्राप्त अनुदान किसानहरुले सदुपयोग गरेको नै अवस्था देखियो ।

२ अनुगमनका क्रममा कृषि ज्ञान केन्द्र प्रदेस सरकार मातहतको निकाय हो र कृषि ज्ञान केन्द्रबाट प्राप्त अनुदान प्रदेस सरकारबाट वितरित अनुदान हो भन्ने बुझाइमा कमी रहेको पाइयो ।

३ अनुगमनका क्रममा अधिकांश किसानहरुले आफुहरुमा प्राविधिक ज्ञान र शिपको अभाव रहेको भन्ने विषय महत्वका साथ उठाएको देखिएको हुँदा आगामी दिनमा किसानहरुलाइ व्यवहारिक सिकाइका लागि तालिमको व्यवस्था मिलाउन र बर्षको एक पटक कम्तिमा एक पालिका एक स्थानमा किसानहरुका समस्याका सम्वन्धमा छलफल गरि प्राविधिक राय सुझाव दिन अन्तर्कृया कार्यक्रम आयोजना गर्न उपयुक्त हुने देखियो ।

४ अनुगमनका क्रममा किसानहरुले उत्पादित सामाग्रीहरु बेच बिखन गर्न बजार सम्वन्धी समस्या उठाएको र यो बिषय बहुपक्षिय सरोकारको विषय भएको हुँदा किसानलाई बजारसँग जोडन सरोकारवाला निकायहरुको ध्यान जान उपयुक्त देखिन्छ ।

५ गरिव किसानहरु सम्म प्रदेस सरकारबाट प्राप्त हुने अनुदान लगायतका सेवा सुविधाहरु कसरी पुर्याउन सकिन्छ यस तर्फ ध्यानाकर्षण हुन आवश्यक देखिन्छ ।

६ गुणस्तरीय तथा उन्नत जातको विउ बिजन प्राप्त भएमा उत्पादन अझ बढाउन सकिने विषय किसानहरुले उठाएको र यो बिषय बजारसँग समेत जोडिने देखिएको हुँदा कृषि ज्ञान केन्द्रको ध्यानाकर्षण हुन उपयुक्त देखिन्छ ।

नेपाल सरकार जिल्ला समन्वय समितिको कार्यालय इलाम २०७३ इलाम, कोशी प्रदेश, नेपाल

जय प्रकाश राई
प्रमुख

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

सहायक प्रमुख जिल्ला अधिकारी